८६

राष्ट्रिय सूचना आयोगको
आदेश

मु.नं. ४१२/२०७०/०७१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका ३५, सुविधानगर, तीनकुने, मुनिभैरवमार्ग घर नं. १४७/२५ बस्ने महेश्वर राम जोशी ........................................................................१पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नापी कार्यालय, धनगढी, कैलाली ..................................................१ विपक्षी
ऐ.ऐ.का सूचना अधिकारी ....................................................................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका ३५, सुविधानगर, तीनकुने, मुनिभैरवमार्ग घर नं. १४७/२५ बस्ने महेश्वर राम जोशीले नापी कार्यालय, धनगढी, कैलाली समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।३।१२ मा उजुरी गरेकोमां यस अयोगबाट मिति २०७१।०३।१७ गते भएको आदेश बमोजिम नापी कार्यालय धनगढीको मिति २०७१।०५।१६, प.सं. ०७१।०७२, च.नं. ४८७ मार्फत सूचना उपलब्ध गराएकोमा निवेदकले यर्थाथ सूचना उपलब्ध गराई पाउँ भनी पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर उजुरीकर्ताले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः उजुरीकर्ताले माग गरेको सूचनाका सम्वन्धमा निजको नाममा **त्यस कार्यालयमा रहेको अभिलेख अनुसारको विवरण** पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु । सो को जानकारी यस आयोगलाई दिनू भनी नापी कार्यालय, धनगढी, कैलालीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना<br>(सूचना आयुक्त) | किरण कुमार पोखरेल<br>(सूचना आयुक्त) | कृष्णहरि बाँस्कोटा<br>(प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।